# सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिम्ली, रूकुम (पश्चिम)
Simli, Rukum (West)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

☎ सम्पर्क: ९८५७८२४२५३
:info@sanibherimun.gov.np
sanibherimun@gmail.com
ito.sanibherimun@gmail.com


प.सं. (Letter No.): २०७८/०७९

च.नं. (Ref. No.): ४

मिति (Date): २०७८।११।१५

**लेखनवृत्ति सम्बन्धि सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति -२०७८/११/१५)**

चालु आर्थिक वर्ष २०७८/०७९ को वार्षिक कार्यक्रम अनुसार सानीभेरी गाउँपालिका भित्र पछिल्लो ५ वर्षमा भएका विभिन्न विकास निर्माण, नीति, कार्यक्रम, सामाजिक विकास, शिक्षा, स्वास्थ्य,सञ्चार, कृषि, पशु, खानेपानीका आदि विभिन्न क्षेत्रमा रहेर रिपोर्टिङ गर्ने कार्यक्रम छ ।रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइनमा रिर्पोटिङ विशेष गरी समाचार लेखन गर्नुपर्ने भएकाले इच्छुक पत्रकार तथा सञ्चार गृहलाई हार्दिक आग्रह गरिन्छ ।प्रकाशित, प्रशारण भएको सामग्रीको आधारमा पारीश्रमिकको व्यवस्था समेत गरिएकाले यो सूचना प्रकाशन भएको १५दिन भित्र गाउँपालिकामा सूचिकृत हुन अनुरोध छ ।

**सेवा तथा शर्तहरुः**

- इच्छुक पत्रकार वा सञ्चार गृहले रिर्पोटिङ सुरु गर्नुपूर्व गाउँपालिकासित सम्झौता गर्नुपर्ने छ ।
- इच्छुक पत्रकार वा सञ्चार गृहले सम्बन्धित क्षेत्रमै पुगेर रिर्पोटिङ गर्नुपर्ने छ ।
- सम्बन्धित ठाउँमा जे देखिन्छ विकास, समस्या, अभावका बारेमा लेख्नुपर्ने छ ।
- सम्बन्धित ठाउँका सर्वसाधारण, उपभोक्ता, सरोकारवालासँग भेट गरी सम्बन्धित विषयका बारेमा अनिवार्य बुझ्नुपर्ने छ ।
- कुन विषय र कुन सञ्चार माध्यममा रिर्पोटिङ गर्ने हो त्यस विषयमा पहिल्यै गाउँपालिकालाई जानकारी जानकारी गराउनु पर्ने छ ।
- पत्रकार वा सञ्चार गृहले तयार पारेको सामग्री सम्बन्धित सञ्चार माध्यममार्फत अनिवार्य प्रकाशन, प्रशारण गर्नुपर्ने छ, त्यसपछि त्यो समाचार प्रकाशन प्रशारण भएको प्रमाण सहित समाचारको इ-कपी पनि उपलब्ध गराउनुपर्ने छ ।
- समाचार सामग्रीको आधारमा एक वटा सामग्री वापत न्युनतम तीन हजार देखि अधिकतम दश हजार सम्म लेखनवृत्ति प्रदान गरिने छ ।उक्त लेखनवृत्ति वापत पाउने शुल्कमा नियमानुसार करकट्टी हुनेछ ।
- प्राप्त सामग्रीको मूल्याङ्कन गाउँपालिकाद्वारा बनाइने मूल्याङ्कण समितिले गर्ने छ ।

७८।११।१५

भूपाल सिं विष्ट
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क व्यक्ति - नारायण ओली (एम.आई.एस. अपरेटर)
सम्पर्क नं. - ९८४४९४२६५९, इमेल- narayanoli20@gmail.com